Received Date: Jan. 2022 Revised: Feb. 2022 Accepted: Mar. 2022

# तराई मधेस शब्दको ऐतिहासिक विश्लेषण

**डा. विजयप्रसाद मिश्र**

सहप्राध्यापक

इतिहास तथा बौद्ध अध्ययन विभाग,

पाटन संयुक्त क्याम्पस, त्रि.वि

Email: vijayamishra40@gmail.com

**लेखसार**

*नेपालको चुरे श्रृंखलाको दक्षिण भागमा रहेको समथर भू–भागलाई मधेस वा तराई भनिन्छ । मधेस वा तराई शब्दमध्ये कुन उपयुक्त हो भन्ने विषयमा मानिस पिच्छे फरक फरक धारणा पाइन्छ । नेपाली बृहत शब्दकोशमा तराईको अर्थ पहाडमुनिको फराकिलो समतल भूभाग, मधेस भनिएको छ । त्यसैगरी सोही शब्दकोशमा मधेस भन्नाले मध्यदेश भनेर पहिलो बुँदामा 'अग्लो होचो र डाँडाकाँडा नभएको एक्दम समथर भूमि, तराई, मधेश' र दोस्रो बुँदामा 'हिमालदेखि दक्षिण, विन्ध्य पर्वतदेखि उत्तर, कुरुक्षेत्रदेखि पूर्व प्रयागदेखि पश्चिमपट्टी पर्ने समथर भूभागको पुरानो नाउँ, मध्यप्रदेश ।' नेपाली संक्षिप्त शव्दकोशमा हिमालदेखि दक्षिण विन्ध्याञ्चल पर्वतदेखि उत्तर कुरुक्षेत्रदेखि पूर्व र प्रयागदेखि पश्चिममा रहेको प्रदेशको पुरानो नाम मध्यदेश भनिएको छ । नेपाली शब्द सागर (सोपपत्तिक कोश) मा तराई भन्नाले पहाडभन्दा तल पर्ने समथर भूभाग, मैदानी फेदी भाग भनी उल्लेख गरिएको छ ।*

*मधेस शब्द मधेस आन्दोलनले स्थापित गरेको शब्द हो । राजनीतिक पार्टीहरूले मधेस सवाललाई उठाउने सन्दर्भमा मधेस शब्दको प्रचुर मात्रामा प्रयोग गरेका थिए र यो शब्द अहिले सरकारीरूपमा प्रयोग हुन थालेको छ । मधेस शब्द भनेको भुगोल पनि हो संस्कृति पनि हो । एडभान्स लर्नर डिस्नरी अनुसार तराई भनेको प्लेन ल्याण्ड हो । तराई शब्द किन प्रचलित भयो भने १८१५ को सुगौली सन्धीमा तराई नै लेखिएको छ । ८ डिसेम्बर १८१६ को स्मरण पत्रमा मधेस गोर्खाली समुदायलाई दान दियो त्यसमा पनि तराई शब्द नै छ । बृटिशहरू मधेस बुझ्दैनथे । तर तराई बुझ्दथे । नेपाल सरकारसंग गरेको संझौतामा उनीहरूले 'तराई' शब्द नै राखेका छन् ।*

**शब्द कुञ्जिका**ः तराई, मधेस, सुषिम, फिकदार, बेख र सदाबर्त ।

## परिचय

साधरण रूपमा हेर्दा नेपालको चुरे श्रृंखलाको दक्षिण भागमा रहेको समथर भूभागलाई मधेस वा तराई भनिन्छ । यो नेपालको भारतसँग जोडिएको दक्षिणी भूभाग हो । मधेस वा तराई शब्दमध्ये कुन उपयुक्त हो भन्ने विषयमा मानिस पिच्छे फरक फरक धारणा पाइन्छ । तसर्थ मधेस, तराई शब्दको सही अर्थ के हो ? र नेपालको दक्षिणतर्फ रहेको समथर भूभागलाई मधेस या तराईमध्ये कुन शब्दले सम्बोधन गर्दा सही हुन्छ भन्ने विषयमा ऐतिहासिक तथ्यहरूको खोजी गरी यहाँ विश्लेषण गरिएको छ ।

विश्लेषणका क्रममा उपलब्ध शब्दकोषहरूमा भएका परिभाषाहरू, पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्दा तराई वा मधेसमा शैन्य अभियान संचालन गर्दा प्रयोग गरेको चिठीपत्रदेखि शाहकाल वा राणाकालमा जारी गरेका विभिन्न आदेश, गजेटहरूमा उल्लेख भएका सन्दर्भहरूलाई समेटेर मधेस वा तराई मध्ये कुन सही भनेर विश्लेषण गरिएको छ । साथै मधेस शब्दको

लागि पैरवी गर्ने केही नेताहरू र प्राज्ञिक रूपमा तर्कदिने प्राध्यापक र बौद्धिक बर्गहरूसँग अन्तर्वार्ता गरी मधेस र तराई शब्दमध्ये कुन उपयुक्त भन्ने बारेमा उदाहरण, तर्क र विश्लेषण गरेर यी शब्दहरूको ऐतिहासिकताको बारेमा चर्चा गरिएको छ । अन्त्यमा निष्कर्षका रूपमा विश्लेषणका आधारमा आफ्नो विचार राखिएको छ ।

**उद्देश्य**

नेपालको दक्षिण भागमा रहेको समथर भूभागलाई तराई र मधेसमध्ये कुन शब्द प्रयोग गर्ने भन्ने विषयमा राजनीतिक विवाद छ । यस्तो राजनीतिकरूपमा विवादित बनाइएको मधेस र तराई शब्दलाई ऐतिहासिक दृष्टिले कुन समयमा कसले कसरी प्रयोग गरिरहेका थिए ? र राजनीतिक प्रभावभन्दा बाहिर रहेर प्राज्ञिक मर्म अनुसार यी दुई शब्दमध्ये कुन प्रयोग गर्न उपयुक्त हो भन्ने बुझ्नका लागि ऐतिहासक तथ्यहरूको खोजविन गर्ने उद्देश्य यस अनुसन्धानात्मक लेखको रहेको छ ।

**अनुसन्धान पद्धति**

यो अध्ययन लेखक स्वयं तराई वा मधेसमा पर्ने सिरहा जिल्लामा जन्मिएर लहान र सिरहाको क्याम्पसमा गरी ११ बर्ष र महेन्द्र मोरङ् आदर्श बहुमुखी क्याम्पस, विराटनगरमा १३ बर्ष प्राध्यापन तथा पत्रकारिता गरेकोले मधेस वा तराई क्षेत्रका विभिन्न स्थलहरूको स्थलगत भ्रमण, अवलोकन, कुराकानी र अनुसन्धानात्मक सन्दर्भ पुस्तकहरू, कार्यपत्र, पत्रपत्रिकाका समाचारहरू र लेखहरूको अध्ययनका आधारमा ऐतिहासिक विश्लेषण पद्दतिबाट गरिएको छ ।

**शब्दकोषहरूको व्याख्या**

नेपाली बृहत शब्दकोशमा तराईको अर्थ पहाडमुनिको फराकिलो समतल भूभाग, मधेस भनिएको छ । (पराजुली, २०७७: ५६३ ) । त्यसैगरी सोही शब्दकोशमा मधेस भन्नाले मध्यदेश भनेर दुई बुँदामा व्याख्या गरिएको छ । पहिलो बुँदामा 'अग्लो होचो र डाँडाकाँडा नभएको एक्दम समथर भूीम, तराई, मधेश ।' दोस्रो बुँदामा 'हिमालदेखि दक्षिण, विन्ध्य पर्वतदेखि उत्तर, कुरुक्षेत्रदेखि पूर्व प्रयागदेखि पश्चिमपट्टी पर्ने समथर भूभागको पुरानो नाउँ, मध्यप्रदेश ' ( पराजुली, २०७७: १००४ ) । यहाँ तराई र मधेस दुबैको अर्थ बताउँदा तराईको अर्थमा मधेस शब्द राखिदिएको र मधेसको अर्थ बताउँदा तराई शब्द पनि विकल्पको रूपमा राखिएकोले यी दुबै शब्दलाई विकल्पका रूपमा वा एकअर्काको पर्यायवाचीको रूपमा प्रयोग गर्न मिल्ने गरी राखिएको छ । तर मधेस शब्दको अर्थलाई बुँदा नं. २ मा व्याख्या गर्दा मध्येप्रदेशको चौहद्दी उल्लेख गरिएको छ । जसलाई संस्कृत भाषामा मध्यदेश भनिएको प्रसंग धेरै ठाउँमा पाइए पनि मध्यप्रदेश नै ठोकुवा गर्नुले यसमा थप विश्लेषणको आवश्यकता छ ।

'मधेस' शव्द संस्कृत भाषाको 'मध्यदेश' को अपभ्रंश हो । जसको अर्थ हुन्छ वीचको देश । मनुस्मृति (२ । २१) मा मध्यदेशको सिमानाको बारेमा उत्तरमा हिमाञ्चल पहाड, दक्षिणमा बिन्ध्याञ्चल पहाड, पश्चिमामा राजस्थान र पूर्वमा प्रयाग बीचको भाग हो भनिएको छ । जसलाई नेपाली बृहत शब्दकोशले पनि उल्लेख गरेको छ । डा. वी.एन. तिवारी र महेन्द्र चतुर्वेदीद्वारा सम्पादित सन् १९७५ को संस्करणमा प्रकाशित हिन्दी अंग्रेजी शव्दकोश अनुसार 'मध्यदेश' भन्नाले विन्ध्याञ्चल, कुरुक्षेत्र र अलाहावादको वीचमा पर्ने मध्यक्षेत्रको प्राचीन नाम हो भनी उल्लेख छ । नेपाली बृहत शब्दकोषमा मध्यदेश भन्नाले मदेस, मधेस वा बीचमा पर्ने ठाउँ केन्द्रस्थल भनी अर्थ्याइएको छ ( पराजुली, २०७७: १००५) । त्यसैगरी नेपाली शब्द सागर (सोपपत्तिक कोश) का सम्पादक बसन्तकुमार शर्म्मा 'नेपाल'ले मध्येदेशलाई माझको देश वा क्षेत्र, मधेस, प्राचीन कालिक परिभाषामा हिमालय विन्दयपर्वत प्रयाग र प्राग्विनशन क्षेत्रको बीचमा पर्ने भूभाग भनी अर्थ्याएका छन् भने मध्येदेशीयलाई मध्यदेश वा मधेसको, मदिसे भनी अर्थ लगाएका छन् (शर्म्मा , २०५७: १०३८) ।

अ डिस्नरी अफ जोग्रफीमा तराईको अर्थ 'द स्ट्रिप अफ मार्शिङ्जङ्ग, लार्जली कभर्ड वीथ टल कोर्स ग्रास, इस्टेनडिङ् एलोङ्ग द फुटहील अफ द हिमालायाज, चिफ्ली इन उत्तरप्रदेश( इण्डिया) एण्ड नेपाल । इट इज क्रस्ड वाई मेनी स्ट्रिम्स फ्लोइङ्

डाउन फ्रोम द हिमालायाज टू द इण्डोग्यानजेटिक प्लेन, एण्ड ह्याज विन पार्टली ड्रेण्ड एण्ड क्लियर्ड फर एग्रिकल्चर (The strip of marshynjunge, largely covered with tall coarse grass, extending along the foothill of the Himalayas, chiefly in Uttar Pradesh (India) and Nepal. It is crossed by many streams flowing down from the Himalayas to the Indo-Gangetic plain, and has been partly drained and cleared for agriculture) (मोर, सन् १९७४: २१६)

त्यसैगरी 'अ कम्पेरेटिभ एण्ड इथिमोलोजिकल डिस्नरी अफ द नेपाली ल्याङ्गुएज'मा तराई शब्दलाई यसरी अर्थाइएको छ – 'लो–ल्याइङ् ल्याण्ड याट द फूट अफ द हिमालायाज'(Iow-lying land at the foot of the Himalayas.)(टर्नर, सन् १९९६: २७४ ) ।माथिका दुबै शब्दकोशमा मधेसको अर्थ उल्लेख गरिएको छैन ।

नेपाली संक्षिप्त शव्दकोशमा हिमालदेखि दक्षिण विन्ध्याञ्चल पर्वतदेखि उत्तर कुरुक्षेत्रदेखि पूर्व र प्रयागदेखि पश्चिममा रहेको प्रदेशको पुरानो नाम मध्यदेश भनिएको छ । नेपाली शब्द सागर ( सोपपत्तिक कोश) मा तराई भन्नाले पहाडभन्दा तल पर्ने समथर भूभाग, मैदानी फेदी भाग भनी उल्लेख गरिएको छ (शर्मा, २०६२: ६०४) ।

तराई र मधेसको परिभाषा आआफ्नै तरिकाले दिइएपनि मधेसलाई संस्कृतिसंग जोड्नेको मत धेरै छ भने तराईलाई भूगोलसंग जोड्नेको मत बढी देखिन्छ । मधेस र तराई शब्दको प्रयोगमा एकमत नहुँदा विभिन्न तर्कहरू आइरहेका छन् ।

विभिन्न शब्दकोशहरूलाई आधार मान्दा पुरानो आधारलाई मान्ने हो भने मधेस भनेको मध्यदेशलाई नै बुझिने प्रष्ट छ । तर विस्तारै जति जति नयाँ नयाँ शब्दकोशहरू प्रकाशन हुँदै गए उतीउती मधेस र तराई शब्दलाई बैकल्पिक शब्दको रूपमा प्रयोग गर्ने चलन बढेर गएको देखिन्छ ।

**मधेस र तराई शब्दको ऐतिहासिक सन्दर्भ**

शब्दकोशहरूमा उल्लेख भएको मध्यदेशको सीमालाई आधार मान्ने हो भने उक्त क्षेत्र अहिलेको भारत भित्र पर्दछ । इशा पूर्व छैठौं शताब्दी तिर उत्तर भारत तथा बर्तमान नेपालको दक्षिणी समतल मैदान तिर बुद्ध धर्मको प्रचार भइरहेको थियो । यसै वेला गंगा र यमुनाको मैदानी भागमा बसोबास गर्ने कट्टर बाहुनहरूले बुद्ध धर्मलाई त्यस क्षेत्रवाट विस्थापित गराएर अम्बालादेखि प्रयागसम्मको समतल मैदानलाई मध्यदेश भन्ने नाम दिए । मध्यदेशवाट मधेस भएको हो । नेपालका पहाडी र हिमाली भेगका बासिन्दाहरूले विहार र अबधको समथर भुभागलाई मात्र होइन नेपालकै दक्षिणमा रहेको समथर भुभागलाई पनि मधेस भन्न थाले । मधेसमा बसोबास गर्ने जातिहरूलाई पछि मधेसी भनेर सम्बोधन गर्न थालियो । गोपाल सिंह नेपालीले मधेसको यो जातिलाई मधेसी संस्कृतसमुह (Madhesi culture Group) भनेका छन् ( नेपाली, सन् १९९५:३६) । गोपालबंशी राजा भुक्तमानले नेपाल राज्यको स्थापना गर्नु अघिदेखि नै अहिलेको नेपालको समथर भुभागको रूपमा रहेको मधेसमा विराट, सलहेस, विदेह, कपिलबस्तु जस्ता राज्यहरू अस्तित्वमा थिए । राज्य जनता विनाको हुँदैन । त्यसैले मधेसमा परापूर्व कालदेखि नै मानिसको बसोबास भएकोले मध्यदेशवाट आएर तराई बसेकाहरू मधेसी भएका हुन भन्नुभन्दा नेपाल अस्तित्वमा आउनुभन्दा अघिदेखि तराई क्षेत्रमा विभिन्न राज्यको प्रजाका रूपमा बसिरहेकाहरू मध्यदेशको कला संस्कृति, रितिरिवाजसंग परिचित भएका र सोही क्षेत्रमा विवाहवारी, नाताकुटुम्ब जोड्ने चलनले गर्दा मध्यदेशको संस्कार अवलम्बन गर्ने वा मध्यदेशको संस्कार बोकेर नेपालको तराई भूभागमा आएर बस्नेहरूलाई समग्रमा मधेसी भन्न थालिएको हो ।

त्यसैगरी इतिहांस शिरोमणि वावुराम आचार्यले मधेस अम्वालादेखि प्रयागसम्मको समतल मैदानी भूभाग हो भनेका छन् । मध्यदेशवाट आएकाहरू मधेसी हुन भन्ने तर्क दिनेहरूसंग मधेसकर्मीहरू र मधेसी नेताहरू सहमत छैनन् । उनीहरूको तर्कमा नेपालको अस्तित्व हुनु भन्दा अघिदेखि मधेसमा राज्यहरू थिए र ती राज्यका नागरिकहरू मधेसी हुन भन्ने छ । मधेसको पक्षमा बोल्ने नेकपा माओवादीका नेता मातृका यादवले 'मधेस देश हो यो कुनै भुगोल होइन' भनेका छन् । यादवले मधेसी त

राष्ट्रियता हो भनेका छन् ।[1] यादवले भनेजस्तै मधेसमा बसोबास गर्ने सबै मधेसी होइनन् । यहाँ आफूलाई मधेसी होइनौं आदिवासी हौं भन्ने थारुहरू पनि बसोबास गर्दै आएका छन् भने सरकारी कामकाजको सिलसिलामा मधेस नेपालमा गाभिएदेखि नै पहाडी समुदायका मानिसहरू कर्मचारीका रूपमा, सुरक्षाकर्मीको रूपमा मधेसमा बस्दै आएका छन् र राजा महाराजा, श्री ३ सरकारवाट प्राप्त भएको जागिर, विर्ताका जग्गाहरू उपयोग गर्न उनीहरूका परिवारहरू तराईमा बसोबास गर्न आएको पाइनुले अहिलेको मधेस मिश्रित संस्कृति भएको मधेसको रूपमा परिचित भएको छ । हो, नेपाल भित्र बसोबास गर्ने मधेसीहरू चाहे उनीहरू मधेसमा बसुग् वा केश काट्ने पेशा गर्न होस् वा शिक्षकको रूपमा पहाडको कुनै दुर्गम क्षेत्रमा बसोबास गरेका किन नहुन उनीहरूको आफ्नै संस्कृति छ । उनीहरू चाहे नेपालको राजधानी काठमाडौंमा बसोबास गरेका किन नहुन् सबै मधेसीहरूको आफ्नै संस्कृति, रितिरिबाज छ । जसलाई नेपाल भित्रको उपराष्ट्रियताको रूपमा स्वीकार गर्नु पर्दछ । मातृका यादवकै शब्दमा मधेसी त राष्ट्रियता हो भन्ने कुरा सही हो । मधेसीलाई जातको रूपमा परिभाषित गरेर अल्मलाउने काम भएको छ । मधेसी एउटा पहिचान हो, एउटा उपराष्ट्रियता हो ।

मोरंगका नेकपा माओवादी केन्द्रका नेता शिवकुमार मण्डलले मधेस एउटा भुगोल हो भनेका छन् । उनले मधेस एउटा भुगोल हो र त्यो भूगोलमा बस्ने मधेसी हुन् भन्ने तर्क गरेका छन् । उनका अनुसार मधेसमा विभिन्न जातिहरू बस्ने भएकाले केही जातिहरू आफूलाई मधेसी भनेको मन पराउँदैनन् र उनीहरूले मधेसलाई तराई भन्न मन पराउँछन् ।[2]

तर सप्तरी जिल्ला घर भई महेन्द्र मोरंग आदर्श बहूमूखी क्याम्पस विराटनगरमा समाजशास्त्र विषय प्राध्यापन गर्नु भएका विजेन्द्रकुमार सिंहले लेखकसंग वि.सं. २०७१ सालमा तराई र मधेस शब्दको बारेमा छलफल गर्दा उनी मधेसमूलको भएपनि प्राज्ञिक रुपमा मधेस शब्द भन्दा तराई शब्द प्रमाणिक हुन्छ भन्ने दावी गर्नु भएको थियो । सिंहको तर्कमा मधेस शब्द राजनीतिक कारणले आएको हो । सिंहका अनुसार मधेसलाई कुन दृष्टिकोणले परिभाषा गर्ने माओवादीको दृष्टिकोणले की मधेस समर्थित पार्टीको दृष्टिकोणले परिभाषा गर्ने ?कि आर्यबर्तको आधारमा ? त्यहाँको बसोबासको दृष्टिकोण ले ? वा अन्य कुनै दृष्टिकोणले ? सिंहका अनुसार नेपालमा सर्वसाधारणको जुन लेम्यान कन्सेप्ट छ, त्यसलाई प्राज्ञिक मान्यता दिने हो भने विश्वविद्यालय किन बनेको छ ? विश्वविद्यालयहरू विश्वव्यापी अबधारणालाई स्थापित गर्नको लागि बनेको छ । उनको तर्क छ, 'हामी नेताको परिभाषामा विश्वास गर्दछौं भने विश्वविद्यालयका प्रोफेसरहरूको के काम ? प्रमाण सिद्ध तथ्यको आधारमा जुन कुरालाईप्रमाणिकता दिन सक्नु हुन्छ त्यसको आधारमा व्याख्या गरिनु पर्दछ ।' सिंहको तर्कमा मधेसको एतिहासिक परिभाषा मध्यदेशवाट बनेको हो । आर्यवर्तको मध्यभूमि हो । आर्यबर्तको आधारमा मधेस भन्नाले पहिलेको अलाहावाद त्रिवेणीदेखि पश्चिम कुरुक्षेत्रदेखि पूर्व हिमाञ्चलदेखि दक्षिण र विद्याञ्चलदेखि उत्तर जुन आर्यवर्तको मूल भनिन्छ लाई बुझाउँछ । उनका अनुसार हाल सर्वसाधारणले प्रयोग गरेको मध्यदेश भन्नाले बफरपोर्सन हुन्छ । जहाँ कसैको सरकार हुँदैन । फिजिक्समा पनि संघर्ष नहुनुलाई नो म्यान्स ल्याण्ड राखिएको हुन्छ । के यो नो म्यान्स ल्याण्ड हो ? मध्यदेश भनेको न यहाँको न उहाँको भन्ने हो ? इतिहासले के भन्दछ भने जव सुगौलीको सन्धी भएको थियो । त्यसबेला यो मधेस जुन तराई भाग छ त्यो अंग्रेजहरूले लिएका थिए । दुई लाख रूपैयाँ बार्षिक दिने र यसको शासन प्रशासन अंग्रेजले लिने भन्ने कुरा उल्लेख थियो । अंग्रेजहरूले दुई लाख पनि उठाउन सकेनन् अनि फर्काए । कुन आधारमा तराई इष्ट इण्डिया कम्पनीलाई दिने निधो भएको थियो सुगौलीको सन्धीमा ? त्यतिखेर कुनै शासन प्रशासन, सार्वभौम सत्ता इत्यादीको 'कन्सेप्ट' थिएन । जसको हातमा शक्ति थियो उसले आफ्नो बनाउँथ्यो । तर अहिले आएर यूएनओ, विश्वविद्यालयहरू स्थापित भइसकेकोले अधिकारको कुरा गर्न थालियो । सिंहको तर्कमा तराईलाई भारतमा मधेस किन भनिदैन । तराई भारतमा कश्मिरदेखी हिमालसम्म छ यसलाई किन भारतमा मधेस भनिदैन । त्यसलाई किन मधेस नभनेर तराई भनिन्छ । तराई अंग्रेजी शब्द हो । नेपालमा किन यसलाई मधेस भनिन्छ ? त्यतिखेरको शासकहरूले जे भन्थ्यो

[1]नेकपा माओवादी केन्द्रका नेता मातृका यादवसंग अनुसन्धानकर्ताको वि.सं. २०७१ भदौ २९ गते विराटनगरमा भएको कुराकानीको आधारमा ।

[2] नेकपा माओवादी केन्द्रका नेता शिवकुमार मण्डलसंग अनुसन्धानकर्ताको वि.सं. २०७१ भदौ २९ गते विराटनगरमा भएको कुराकानीका आधारमा ।

त्यो जनमानसमा र जनजिब्रोमा घुसी सकेको छ । पृथ्वीनारायण शाहले तराईमा आक्रमण गर्न पठाएका सेनाहरूलाई पठाएको पत्रमा समेत मधेस शब्दको प्रयोग गरिएको छ । पहाडका मानिसहरू तराई आउनु परेमा मधेस झर्ने भन्दछन् । यसरी मधेस–मधेस भन्दा भन्दै यो मधेस भयो । तर प्राज्ञिक जगतमा यो प्रयोग हुने शब्द नै होइन । नेपाल र ब्रिटिश इष्ट इण्डिया कम्पनी बीच भएका संधीहरूमा तराई शब्दको प्रयोग भएका छन् । तराई अंग्रेजी शब्द हो र त्यो नेपालीकरण भएको छ । यसलाई नेपालीमा पनि तराई भनिन्छ ।[3]

मधेस शब्द मधेस आन्दोलनले स्थापित गरेको शब्द हो । राजनीतिक पार्टीहरूले मधेस सवाललाई उठाउने सन्दर्भमा मधेस शब्दको प्रचुर मात्रामा प्रयोग गरेका थिए र यो शब्द अहिले सरकारी रूपमा प्रयोग हुन थालेको छ । २०६३ साल माघ महिनामा भएको मधेस आन्दोलनको बेला तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले मधेसको मागलाई सम्वोधन गर्ने क्रममा जारी गरेको पहिलो विज्ञप्तीमा मधेस शब्द कतै उल्लेख नभएको भन्दै मधेस आन्दोलन झन् भड्किएको थियो । पछिल्लो विज्ञप्तीमा मधेस शब्दको प्रयोग गरेपछि मधेस आन्दोलन गर्नेहरूले सरकार प्रमुख जो मधेस शब्द बोल्न पनि चाहदैनथे उनलाई उक्त शब्द प्रयोग गर्न बाध्य पारेकोमा गर्व गरेका थिए । यसवाट पनि के भन्न सकिन्छ भने पहिलेदेखि तराई भनिँदै आएको नेपालको दक्षिणी समथल भुभाग नै राजनीतिक आन्दोलनका कारण मधेसमा रूपान्तरण भएको छ । र, अब यो शब्दले सबै पक्षबाट मान्यता पाइसकेको छ ।

काठमाडौँ चाहविल निवासी लेखक खगेन्द्र संग्रौलाले ‘तराई भनेको भुगोल हो । चुरेको फेदीमा रहेको समग्र समथर भुगागको कुरा गर्नु हुन्छ भने त्यो तराई हो । मधेस भनेको इतिहास, परम्परा, सभ्यता र संस्कृति हो ।’[4]तर जब हामी मिथिलाञ्चलमा प्रवेश गर्दछौं तब त्यो नामले नै मिथिला सभ्यता र परम्पराको कुरा बुझिन्छ । नेपालको दक्षिणभागको सबै समथर भुमि तराई हो । तराईमा विविधता छ । त्यसको विविधता भनेको साँस्कृतिक, जातिगत र भाषागत विविधता छ । थारुहरूले मधेस भन्ने चीज मान्दैमान्दैन । मधेस भन्नाले जनकपुरको सेरोफेरो भन्ने बुझिन्छ ।

त्यसैगरी तराई जलरही है नामक पुस्तकका लेखक सप्तरी जिल्ला निवासी आर.डी. आजाद (साह)ले तराई र मधेस दुईटै शब्दको महत्व रहेको बताएका छन् । साहले मधेस शब्द भनेको भुगोल पनि हो संस्कृति पनि हो भनेका छन् । उनले मधेस शब्दवाट भुगोल पनि इन्गीत दिन्छ, संकेत दिन्छ र संस्कृति पनि हो । मतलब मध्येदेशको संस्कृति पनि बुझिन्छ । सिधै यो बैदिक संस्कृति हो भनुम । किन भने ऋगवेदको केही ऋचाहरू छोडेर बाँकी सबै बेदहरूको र पुराणहरूको उत्पत्ति मधेस मै भएको हो । जन्म मधेस मै भएको हो । त्यस कारण मधेस तपाईको एउटा संस्कृति पनि हो । तर तराई भनेको संसारको धैरै देशमा छ । तराई भनेको एडभान्स लर्नर डिस्नरी अनुसार तराई भनेको प्लेन ल्याण्ड हो । तराई शब्द किन प्रचलित भयो भने १८१५ को सुगौली सन्धीमा तराई नै लेखिएको छ । ८ डिसेम्बर १८१६ को स्मरण पत्रमा मधेसलाई गोर्खाली समुदायलाई दान दियो त्यसमा पनि तराई शब्द नै छ । बृटिशहरू मधेस बुझ्दैनथे । तर तराई बुझ्दथे । नेपाल सरकारसंग गरेको संझौतामा उनीहरूले ‘तराई’ शब्द नै राखेका छन् ।[5]

उनले ‘दुर्भाग्यको कुरा १९५० को सन्धी, १९२३ को सन्धी र भारतले गरेको शान्ति सन्धीमा पनि तराई शब्द नै राखेको हो । जयकृष्ण गोइतले तराई हाम्रो स्वतन्त्र भन्ने तर्क दिंदा कसैले खोज्यो भने त्यसलाई देखाउनका लागि पनि तराई शब्द नै राख्नु पर्दछ भन्ने जयकृष्ण गोइतको दावा हो’ भने । साहको तर्कमा एतिहासिक सन्धी संझौताको दृष्टिले तराई शब्द अनुपयुक्त होइन ।

[3] महेन्द्र मोरंग आदर्श बहुमुखी क्याम्पसका समाजशास्त्र विषयका प्राध्यापक विजेन्द्र कुमार सिंहले विराटनगरमा वि.सं. २०७१ असोज ५ गते अनुसन्धानकर्ता लाई दिएको अन्तर्वार्ताको आधारमा ।

[4] लेखक खगेन्द्र संग्रौलासंग वि.सं. २०७१ असोज २७ गते काठमाडौंको निवासमा अनुसन्धनकर्ताले गरेको कुराकानीको आधारमा ।

[5] तराई जलरही है नामक पुस्तकका लेखक आर.डी. आजाद ( रामदुलार साह) संग वि.सं. २०७१ चैत २ गते राजविराजमा अनुसन्धानकर्ताले गरेको कुराकानीको आधारमा ।

तर हुनु पर्ने खास मधेस शब्द हो भन्ने छ। उनले यसलाई समष्टिगतमा यो एक अर्काको पर्यायबाची नै हुन्छ भनेर तराई र मधेस शब्द प्रतिको विवादलाई लम्ब्याउन नहुने बताए। नेपालमा पहाडी र जनजाति समुदायका मानिसहरू दक्षिणको समथर भुभागलाई तराई भन्न रुचाउँछन् भने मधेसमूलका मानिसहरू दक्षिणको समथर भुभागलाई मधेस भन्न रुचाउँछन्।

सिके राउतले आफ्नो पुस्तक ‘मधेसका इतिहास’मा मधेस शब्दलाई प्राज्ञिक रूपमा स्थापित गर्न अनेक प्रमाणहरू दिएका छन्। उनको पुस्तकमा पृथ्वी नारायण शाहले ई. सन् १७७१ नोभेम्बर १९ मा अभिमान सिंह बस्नेतलाई लेखेको पत्रमा‘जेठा चौतारिया मदेशमा राजा हुन लाग्या भनि जेठि चौतार्नियै तैले कलपिकन भनिस भनि तैसित जेठा चौतारिया झगडा गर्न षोजद छन् गरे त्यो कुरा यस्तो हो जेठा चौतारियाको .....’ (राउत , २०७०: २८)

त्यसैगरी पृथ्वी नारायण शाहले भगवन्तनाथलाई ई.सन् १७७४ डिसेम्बर ९ मा पठाएको पत्रमा ‘... किराँतो अम्बल मदेश पहाड भोट जति थियो. आफ्ना आशीर्वादले सबै फत्त्य भयो. मधेशमाहाँ कनकाई नदी पहाडमाहाँ साभा षोलो तमोर नदीको साँध लाग्यो. मानिस काट्न पाइयेनन्. भाग्यो. कति मोगलानातिर गयो. कति सुषिमतिर गयो.अरु झार जङ्गलमहाँ जना ८५ बेसि काटिया. बाकी सुषिमसङ्ग हाम्रो घा हुन लागिरहेछ. .....’(राउत, २०७०: २९)

राउतकै पुस्तकमा पृथ्वी नारायण शाहले पूर्वी मोर्चामा गएका अभिमान सिंह बस्नेत, पारथ भण्डारी, किर्तिसिंह खवासलाई ई.सन् १७७४ अक्टुबरमा लेखेको पत्रमा मधेस शब्दको प्रयोग भएको उदारहण दिएका छन्। उक्त पत्रको केही अंश ‘सुषिम चमकि गयो. घा तोडिहाल्यो त. आखिर. तेत्तिमहा. पनि. चटकिगयो त. मधेस छोडन्या होइन. ...’ (राउत, २०७०: ३०)।

माथिका तीनवटै पत्रलाई आधार मान्दा नेपालको एकिकरण अभियान संचालन गर्नु भएका गोर्खाका राजा पृथ्वी नारायण शाहले पटक पटक लेखेको पत्रमा मधेस शब्द उल्लेख हुनुले नेपालको दक्षिणी भागमा रहेको समथल भुभाग नेपालमा एकिकरण हुनु अघि देखिनै यसलाई मधेस भन्ने गरिएको रहेछ भन्ने प्रमाणित हुन्छ। स्थानीय रूपमा नेपालको पहाडी भेगका मानिसहरूले मधेस शब्द पहिले देखि प्रयोग गर्दै आएकाले पनि यो प्रमाणित हुन्छ। तर, जब नेपालको अन्य मुलुकसंग सन्धि सम्झौता भयो तब ती सन्धि संझौतामा तराई लेख्न थालियो। पश्चिमाहरूले यसलाई मधेस भनेर बुझ्नु भन्दा तराई भनेर बुझ्न सहज ठाने। अंग्रेजी भाषामा समथल भूमिलाई तराई लेखिएकोले संधिहरूमा पनि तराई लेख्न थालियो। पछि यही तराई शब्दको उच्चारण नेपालीमा पनि हुन थाल्यो र नेपाली भाषाको आगन्तुक शब्दको रूपमा तराई शब्द रहन गयो।

तराई शब्दको प्रयोग १८१४ ई.सन् देखि मात्र भएको हो। तर मधेस शब्दको बास्तविक परिभाषा स्वयं गौतम बुद्धले गर्नु भएको हो भन्ने तर्क रघुनाथ ठाकुरको पुस्तक परतन्त्र मधेश र उसकी संस्कृतिमा भनिएको छ (ठाकुर, २०५२: २१)। ठाकुरले समेत वि.सं. २००८ साल भाद्र २५ गते उद्योग र बाणिज्य मन्त्रालयको सूचना, नेपाल गजेट, भाग ३ मा मधेस शब्दको प्रयोग भएको उल्लेख गरेका छन्। उक्त गजेटको केही अंश यसप्रकार रहेको छ।

‘... नेपाल मधेश, पहाड सबै ठाउँको निमित्त चाहिने चाड्, गाध्रा, कर्कचरे ( करकच) साबरी, सीधे नून मध्ये कुन किसिमको नून कहाँवाट कुन ठाउँका निमित्त कति नून कति महिना भित्र ल्याई के दरमा विक्री गर्ने हो आफ्नो सर्त समेत खोली नेपालका निमित्त ल्याउनेले १ महिना भित्र र मधेश पहाडका निमित्त ल्याउनेले २ महिना भित्र यस मन्त्रालयमा पुग्ने गरी दर्खास्त गर्नु होला। ’ (नेपाल गजेट, वि.सं. २००८: १)।

त्यसैगरी वि.सं. २००८ सालमा प्रकाशन भएको मुलुकी ऐन, भाग ३ अध्याय ‘रुख काट्नेको’, कानून नं. ४ को पृष्ठ १४ मा निम्न कुरा उल्लेख गरिएको छ।

‘ ४ नं. ।। ।। महाकाली पूर्व मेची पश्चिम गोरखा राजभर मुलुकका मधेश तराईका विर्ता,बेख, फिकदार, छाप सदावर्त, मानाचाँबल समेत गैह्र माफी विर्ता जङ्गलको रुख विना श्री प्राइम्मिनिष्टर को हुकुम सनद नभई कसैले काटी वा अरु कुनै किसिमसँग नोक्सान गर्न गराउन लिन समेत हुँदैन’ (मुलुकी ऐन: वि.सं. २००५: १४)।

नेपालको दक्षिणी समथर भूभागलाई सिके राउत र रघुनाथ ठाकुरले ‘मधेस’ शब्द नै भन्न उपयुक्त भनेर तराईलाई उपेक्षा गरेको पाइदैन। तराई शब्दहरू प्रयोग भएका पनि प्रशस्त उदाहरणहरू दिएका छन्। सिके राउतकै तर्कमा तराई र मधेस शब्दलाई राजनीति मुद्दा बनाएर विवाद गरिरहनु उपयुक्त हुँदैन। उनले आफ्नो पुस्तक मधेसका इतिहासमा मधेस शब्दको एतिहासिकताको व्याख्या गर्दै निष्कर्षमा ‘तराई वा मधेस शब्दको अस्तित्व र प्रयोगको विषयलाई लिएर एकअर्कोको विरोधपूर्ण रूपमा हेरिनु भन्दा दुबै प्रयोग गर्न सकिन्छ भनेका छन् (राउत, २०७०: xxxiii)। यसरी नेपाल सरकारले विभिन्न समयमा जारी गरेका गजेटहरूमा समेत मधेस शब्द र तराई शब्द प्रयोग गरेको पाइएको छ। राजनीतिक आन्दोलनले मधेस शब्दलाई स्थापित गर्ने प्रयास गरेको छ। यसको पछिल्लो उदाहरण प्रदेश नं. २ लाई प्रदेशसभाबाट मधेस प्रदेश नामाकरण गरिएको छ।

## निष्कर्ष

नेपालको दक्षिणको समथर भूभागलाई तराई र मधेस शब्दमध्ये कुन शब्दले सम्बोधन गर्दा सही हुन्छ भन्ने कुरामा अझै पनि एकमत पाइदैन। तर प्राज्ञिक रूपमा विश्लेषण गर्नेहरूले अहिले पनि नेपाको दक्षिणको समथर भुभागलाई तराई भनेरै सम्बोधन गर्न रुचाउँछन्। विशेष गरेर नेपाल र अंग्रजहरूबीच भएको विभिन्न सम्झौताहरूमा समेत तराई शब्द प्रयोग गरिएकोले प्राज्ञिक अध्ययन अनुसन्धान गर्नेहरूले यसलाई तराई नै भन्न रुचाई रहेका छन्। तर मधेसको मुद्दालाई स्थापित गर्न पैरवी गरिरहेको संघसंस्था र नेताहरूले भने मधेस शब्दलाई स्थापित गर्ने प्रयास गरिरहेका छन्। उनीहरूको प्रयासले गर्दा नेपाली भाषाका शब्दकोषहरूले समेत मधेस र तराईलाई पर्यायबाची शब्दको रूपमा प्रयोग गर्न थालिसकेको छ।

जसरी तराई छुट्टै राज्यको माग गर्दै भूमिगत आन्दोलन गरिरहेका जयकृष्ण गोइतले आफ्नो पार्टीको नाममा शुरुदेखि नै तराई शब्द राख्दै आएका छन्। उनको तर्कमा संयुक्त राष्ट्रसंघले ऐतिहासिक दस्तावेजको आधारमा कुनै कुराको पक्ष वा विपक्षमा लाग्दछ र जुन सन्धिसंझौतालाई आधार मानेर तराई छुट्टै राज्य हुनु पर्दछ भनेर माग गरिदैछ त्यो दस्तावेजहरूमा मधेस नलेखेर तराई शब्द देखिएकोले मधेसभन्दा तराई शब्द राख्न उपयुक्त हुन्छ भन्ने छ। यसरी के देखिन्छ भने नेपालको दक्षिणी समथर भुभागमा बसोबासगर्नेहरूको हक अधिकारका लागि आवाज उठाइरहेका मधेसी मूलकै नेताहरू बीचमा मधेस र तराई शब्दमध्ये कुन उपयुक्त भन्ने तर्कमा सहमति हुन नसक्दा मधेस आन्दोलन दोस्रो चरणमा पुग्दा महन्थ ठाकुर अध्यक्ष रहेको मधेस केन्द्रित पार्टीको नाम तराई मधेस लोकतान्त्रिक पार्टी’ हुनुले दुवै शब्दलाई मधेसका नेताहरूले समेत उत्तिकै महत्वका रूपमा स्वीकार गरेका थिए भन्ने तर्क दिन सकिन्छ।

तसर्थ भूगोलको सन्दर्भमा विश्लेषण गर्दा दक्षिणको समथर भूभागलाई तराई भनेरै सम्बोधन गरिनु पर्दछ। तर सामाजिक, सांस्कृतिक र राजनीतिक रूपमा कुनै उदाहरणहरू दिनुपर्ने अवस्थामा यसलाई मधेस शब्द प्रयोग गरेर मधेसीहरूको आस्था र विश्वासको सम्मान गर्नु पर्दछ। तर मधेस शब्दको लागि पैरवी गर्नेहरूबाट समेत तराई शब्द प्रयोग गर्ने अन्य समुदायको अधिकारमा विरोध जनाउने वा प्रतिरोध गर्ने कामलाई बन्द गरेर जस जसले जे चाहन्छन् त्यही शब्द प्रयोग गर्न छुट दिनुपर्दछ।

## सन्दर्भ ग्रन्थसूची

टर्नर, आर.एल., (सन् १९९६), *अ कम्पेरेटिभ एण्ड इटिमोलोजिकल डिक्सनरी अफ द नेपाली ल्याङ्गुएज,* मुम्बई: एलाईड पब्लिसर्स।

ठाकुर, महानन्द, (वि. सं.२०५२), *अमर शहीद रघुनाथ ठाकुर मधेसीका जीवन बृत्त और उनकी कृतिया*, राजविराज: महानन्द ठाकुर।

नेपाल गजेट, भाग ३, ( वि. सं. २००८ भाद्र २५ ), *उद्योग र वाणिज्य मन्त्रालयको सूचना*, काठमाडौं: श्री ५ को सरकार।

नेपाली, गोपाल सिंह, ( सन् १९९५), द *नेवार*, काठमाडौं: हिमालयन बुक सेलर्स।

पराजुली, कृष्णप्रसाद, ( वि.सं. २०७७ ),*नेपाली बृहत् शब्दकोश*, काठमाडौं: नेपाल प्रज्ञा प्रतिष्ठान।

मुलुकी ऐन भाग ३ ( वि.सं. २००५), अध्याय '' रुख काट्नेको '' *कानुन नं. ४*, द्वितिय संस्करण, काठमाडौं: नेपाल सरकार।

मोर, डब्लू. जी., (सन् १९७४ ), *अ डिक्स्नरी अफ जोग्राफी डिफिनेसन एण्ड एक्सप्लानेसन अफ टर्मस् यूज्ड ईन फिजिकल जोग्राफि,* दिल्ली: हार्डमण्ड वर्थ पिगिन बुक्स।

राउत, सी.के., (वि. सं. २०७०), *मधेसका इतिहास*, भारत: गैर आवासीय संघ।

शम्मा 'नेपाल', बसन्तकुमार, ( वि.सं. २०६२), *नेपाली शब्द सागर* ( सोपपत्तिक कोश ), काठमाडौं: भाभा पुस्तक भण्डार।